# प्रसौनी गाउँपालिका

# प्रसौनी, बारा

# स्थानीय राजपत्र


खण्डः ६ संख्याः ११ मितिः २०८०।०३।३०


भाग-२

## प्रसौनी गाउँपालिका

## विद्यालय शिक्षक, कर्मचारी व्यवस्थापन तथा स्वयंसेवक करार शिक्षक छनौट कार्यविधि, २०८०

**प्रस्तावनाः-**

प्रसौनी गाउँपालिकामा परिवर्तित संवैधानिक व्यवस्था तथा शासकीय संरचनाले सिर्जना गरेका शैक्षिक अवसर, दायित्व, क्षेत्राधिकार, कर्तव्य र जिम्मेवारीलाई व्यवस्थित गर्न गाउँपालिका अन्तर्गत रहेका सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालय लगायतका शैक्षिक निकायहरुमा विद्यमान बहुआयामिक जटिलताहरुको यथोचित व्यवस्थापन गरी शैक्षिक गुणस्तर सुनिश्चितता प्रदान गर्न र लेखा तथा प्रशासनिक कार्यलाई दुरुस्त गर्न पुरक कार्यविधि तथा मापदण्डको रुपमा सामुदायिक विद्यालयमा विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन तथा रिक्त रहन जाने शिक्षकको करार पदपूर्ति गरी पठनपाठनलाई निरन्तरता तथा नियमितता दिन कार्यविधि तयार गर्न वाञ्छनीय भएकाले,नेपालको संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकारको सूचीको खण्ड (८) मा उल्लिखित आधारभूत तथा माध्यमिक शिक्षाको कार्यान्वयनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नेपालको संविधानको धारा २१४ बमोजिम गठित गाउँ कार्यपालिकाको कार्यालयले 'विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन तथा स्वयंसेवक करार शिक्षक छनौट कार्यविधि, २०८०' तयार गरी लागू गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क. यस कार्यविधिको नाम "विद्यालय शिक्षक, कर्मचारी व्यवस्थापन तथा स्वयंसेवक करार शिक्षक छनौट कार्यविधि,२०८०" रहेको छ।

ख. यो कार्यविधि प्रसौनी गाउँसभाले स्वीकृत गरेपछि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "ऐन" भन्नाले प्रसौनी गाउँपालिकाको शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्दछ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ लाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले प्रसौनी गाउँपालिका सम्झनु पर्दछ।

(घ) "गाउँ सभा" भन्नाले प्रसौनी गाउँपालिकाले आह्वान गरेको गाउँसभाको बैठकलाई सम्झनु पर्दछ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले प्रसौनी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "परीक्षा" भन्नाले विद्यालयमा रिक्त रहन गएको शिक्षक पदमा लिइने परीक्षा भन्ने सम्झनु पर्दछ।

(च) "विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन" भन्नाले प्रसौनी गाउँपालिकाको स्रोतबाट व्यवस्थापन गरिने शिक्षक तथा कर्मचारी सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले विद्यालयमा रिक्त रहन गएको शिक्षक पदमा परीक्षा लिने शिक्षक छनौट समितिलाई सम्झनु पर्दछ ।

(ज) "विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन समिति" भन्नाले प्रसौनी गाउँपालिकाको स्रोतबाट व्यवस्थापन गरिने शिक्षक तथा कर्मचारी छनौट गर्ने समिति सम्झनु पर्छ ।

(झ) "विद्यालय" भन्नाले नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयलाई सम्झनु पर्दछ।

(ञ) "प्राविधिक सहायक" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा शाखामा कार्यरत प्राविधिक सहायकलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) सामुदायिक विद्यालयमा रिक्त रहन जाने शिक्षकको दरबन्दीमा करार पदपूर्ति गरी पठन-पाठनलाई निरन्तरता तथा नियमितता दिने।

(ख) प्रसौनी गाउँपालिकाको स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठन-पाठनलाई निरन्तरता तथा नियमितता दिई सिकाइ उपलब्धि बृद्धि गर्ने र लेखा तथा प्रशासनिक कार्यलाई दुरुस्त बनाउने।

## परिच्छेद–२

## शिक्षक छनौट समिति सम्बन्धी ब्यबस्था

**४. शिक्षक छनौट समितिः-**

(१) पालिकाले दरबन्दी सृजना गरी रिक्त रहेको सामुदायिक विद्यालयमा रिक्त रहन गएको शिक्षक दरबन्दीमा करार शिक्षक नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

**<u>गाउँपालिका कार्यालयले विज्ञापन गरेको हकमा</u>**

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत– अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी –सदस्य

(ग) पालिका/शिक्षा विकास तथा समन्वय इकाई, बाराले सुचीकृत गरेका विज्ञहरु मध्ये बाट विषय विज्ञ १ जना –सदस्य

(घ) गाउँपालिका शिक्षा समितिको संयोजकको सिफारिसमा गाउँपालिका भित्रको सामुदायिक विद्यालयको शिक्षक मध्येबाट १ जना –सदस्य

(ङ) शिक्षा शाखाको शाखा प्रमुख –सदस्य सचिव

**<u>विद्यालयले विज्ञापन गरेको हकमाः</u>**

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष– अध्यक्ष

(ख) विद्यालय व्यवस्थापन समितिले तोकेको सम्वन्धित विद्यालयको शिक्षकहरु मध्येबाट १ जना शिक्षक –सदस्य

(ग) गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा विद्यालय निरीक्षक –सदस्य

(घ) पालिका/शिक्षा विकास तथा समन्वय इकाई, बाराले सुचीकृत गरेका विज्ञहरु मध्ये बाट विषय विज्ञ २ जना –सदस्य

(ङ) विद्यालयको प्रधानअध्यापक सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

(३) समितिले आवश्क ठानेमा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई लगायतका सम्वन्धित कार्यालयका प्रतिनिधिलाई आमन्त्रित गर्न सक्नेछ ।

## परिच्छेद–३

## विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन समिति सम्बन्धी ब्यबस्था

**५. विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन समितिः**

(१) प्रसौनी गाउँपालिकाको स्रोतबाट विद्यार्थी शिक्षक अनुपातको आधारमा आवश्यक स्वयंसेवक करार शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठन-पाठनलाई निरन्तरता दिई सिकाइ उपलब्धि बृद्धि गर्ने लेखा तथा प्रशासनिक कार्यलाई दुरुस्त गर्ने प्रयोजनार्थ स्वयंसेवक करार शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ।

**गाउँपालिकाले विज्ञापन गरेको हकमाः**

(क)	गाउँशिक्षा समितिको अध्यक्ष – अध्यक्ष

(ख)	प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग)	पालिका/शिक्षा विकास तथा समन्वय इकाई, बाराले सुचीकृत गरेका विज्ञहरु मध्ये बाट विषय विज्ञ १ जना – सदस्य

(घ)	गाउँशिक्षा समितिको सदस्यहरु मध्येबाट अध्यक्षले तोकेको १ जना – सदस्य

(ङ)	शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा विद्यालय निरीक्षक– सदस्य सचिव

**<u>विद्यालयले विज्ञापन गरेको हकमाः</u>**

(क)	विद्यालय व्यवस्थापन समितिको अध्यक्ष– अध्यक्ष

(ख)	विद्यालय व्यवस्थापन समितिले तोकेको शिक्षक – सदस्य

(ग)	गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा विद्यालय निरीक्षक – सदस्य

(घ)	पालिका/शिक्षा विकास तथा समन्वय इकाई, बाराले सुचीकृत गरेका विज्ञहरु मध्ये बाट विषय विज्ञ २ जना – सदस्य

(ङ)	विद्यालयको प्रधानअध्यापक	–सदस्य सचिव

(३)	समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

(४) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

(५) समितिका पदाधिकारीहरुलाई परीक्षा संचालन तथा नतिजा प्रकाशनमा खटिए बापत प्रतिदिन दुई हजार रुपैयाँका दरले भत्ता उपलब्ध गराइनेछ ।

## परिच्छेद–४
## विज्ञापन प्रकाशन सम्बन्धी प्रक्रिया

६. **विज्ञापन प्रकाशनः** (१) प्रसौनी गाउँपालिकाको स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठन-पाठनलाई निरन्तरता दिई सिकाइ उपलब्धि बृद्धि गर्ने प्रयोजनार्थ शिक्षक तथा कर्मचारी नियुक्तिका लागि प्रसौनी गाउँ कार्यपालिकाको कार्यालयले नै वितरण गरीएका दरबन्दीहरुको विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

(२) विद्यालयमा शिक्षकको पद रिक्त रहन गएको प्रमाण सहित विद्यालयले करार पदपूर्तिका लागि शिक्षा विकास तथा समन्वय इकाईबाट अनुमति माग गर्नुपर्नेछ। पेश गरिएका कागजातका आधारमा शिक्षा विकास तथा समन्वय इकाईबाट शिक्षक नियुक्तिको लागि निर्देशन सहित अनुमति प्रदान गर्नेछ। अनुमति पत्रसाथ संलग्न निर्देशन बमोजिम विद्यालयले विज्ञापन प्रकाशन गर्नुपर्नेछ। गाउँपालिका कार्यालयले गर्ने विज्ञापनको हकमा रिक्त रहेको शिक्षकको संख्या यकिन गरी गाउँसभा/ कार्यपालिका/ शिक्षा समितिको निर्णयानुसार विज्ञापन प्रकाशन गरिनेछ ।

(३) रिक्त पदपूर्तिका लागि कम्तिमा १५ देखि बढीमा ३० दिनको म्याद राखी गरिएको विज्ञापन स्थानीय संचार माध्यमबाट प्रकाशन वा प्रशारण गराउने, विद्यालय, सम्बन्धित स्रोतकेन्द्र र यस कार्यालय, वडा कार्यालय लगायत सम्वन्धित कार्यालयमा समेत टाँस गर्नु पर्नेछ।

(४) परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको स्वीकृत पाठ्यक्रम बमोजिमको हुनेछ र अंकभार यस कार्यविधिको अनुसूची–१ बमोजिम हुनेछ ।

(५) आवेदन फाराम विद्यालयले उपलब्ध गराउनु पर्नेछ। गाउँपालिकाले विज्ञापन गरेको हकमा शिक्षा शाखाले उपलब्ध गराउनेछ ।

(६) सम्पर्क मितिका दिन परीक्षा कार्यतालिका सार्बजनिक गर्नु पर्नेछ।

(७) दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारको प्रवेशपत्र जारी गरी नामावली प्रकाशन गर्नु पर्नेछ।

(८) तर गाउँपालिकाबाट सिर्जना भएको शिक्षक दरबन्दीको हकमा माध्यमिक तहको अध्यापन अनुमतिपत्र प्राप्त शिक्षक प्राप्त हुन नसकेमा सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता उत्तीर्ण भएकोलाई उम्मेदवारी दिन बाधा परेको मानिने छैन । माध्यमिक तहको हकमा बाहेक अध्यापन अनुमति पत्र अनिवार्य गरिएको छ।

(९) विज्ञापन गर्दा माध्यमिक तहको शिक्षकको लागी अध्यापन अनुमतीपत्रका कारण पदपुर्ती हुन नसकेमा पुनः आवेदन दिने म्याद थप गरी सो को सूचना प्रकाशन गरी गाउँपालिकाको वेवसाईट तथा जुनसुकै माध्यमबाट सम्वन्धित सबैमा जानकारी गराई सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता उत्तीर्ण भएको आवेदकहरु विच प्रतिष्पर्धा गराई नियक्ती गरिनेछ ।

(१०) नि.मा.वि र मा.वि तहमा कम्प्युटर विज्ञान र लेखा विषयको शिक्षक पदपुर्तीको लागि अध्यापन अनुमतिपत्र प्राप्त शिक्षक प्राप्त हुन नसकेमा सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता उत्तीर्ण भएको हुनु पर्नेछ । कम्प्युटर विज्ञान शिक्षकमा आवेदन दिने उम्मेद्वार सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त नगरेको भएता पनि मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिने कम्प्युटर फण्डामेण्टलः, विण्डोज, अफिस प्याकेज, हार्डवेयर एण्ड नेटवर्किङ, डाटाबेस, प्रोग्रामिङ्ग सम्बन्धी कम्प्युटर तालिम लिएकोलाई उम्मेदवारी दिन बाधा परेको मानिने छैन।

(९) विज्ञापन गरिने विभिन्न तहहरु माध्यमिक तहका लागि रु १०००।-, आधारभूत (नि.मा.) तहका लागि रु ८००।-, आधारभूत (प्रा.) तहका लागि रु.६००।-, बालबिकास तथा लेखापलाको पदका लागि रु ५००।— र का.स. पदका को लागि रु ३००।-दस्तुर यस कार्यालयको हिमालयन बैंक प्रसौनी शाखामा रहेको आन्तरिक राजस्व खातामा बुझाएको बैक भौचर सक्कलै वा नगदि रसिद संलग्न गर्नु पर्नेछ ।

(१०) माथि उल्लिखित बमोजिमका परीक्षामा नेपाली नागरिकले मात्र उम्मेद्ववारी दिन सक्नेछन्।

## परिच्छेद–५
## प्रश्न-पत्र निर्माण तथा परीक्षा संचालन

### ७. परीक्षा संचालनः

(१) परीक्षा संचालन समितिले तय गरेको समय तालिका बमोजिम हुनेछ।

(२) प्रश्न-पत्र निर्माणमा समिति जिम्मेवार, उत्तरदायी र जवाफदेही हुनेछ तर प्रश्न-पत्रको निर्माण सम्बन्धि काम विषय विशेषज्ञबाट मात्र गरिने छ।

(३) प्रश्न-पत्रको गोपनियता भङ्ग भएमा गोपनियता भङ्ग गर्नेलाई ऐन तथा नियमावली बमोजिम कारवाही हुनेछ।

(४) प्रश्न-पत्र निर्माण अनुसुची — १ बमोजिम हुनेछ ।

(५) प्रश्न-पत्रको शुद्धा शुद्धी अनिवार्य रुपमा गर्ने वा गराउने ब्यवस्था हुनु पर्नेछ।

(६) प्रश्न-पत्र पाठ्यक्रमले तोके बमोजिम निर्माण गर्नु पर्नेछ।

(७) परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष सम्बन्धित विद्यालयका प्रधानाध्यापक हुनेछ ।

(८) प्रसौनी गाउँपालिकाको स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठनपाठनलाई निरन्तरता तथा नियमितता दिइ सिकाई उपलब्धि बृद्धि गर्ने प्रयोजनका लागि शिक्षक तथा कर्मचारी नियुक्तिका लागि प्रसौनी गाउँपालिकाले बिज्ञापन गरेका परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी हुनेछ।

(९) परीक्षा केन्द्र समितिले तोकेको स्थानमा रहनेछ।

(१०) परीक्षार्थीहरुको हाजिरी उतार गरी परीक्षासँग सम्बन्धित कागजातका साथ राख्नु पर्नेछ।

(११) परीक्षण गरिएका उत्तर पुस्तिका सम्बन्धित विद्यालय/ शिक्षा शाखाले ६ महिनासम्म सुरक्षित राख्नु पर्नेछ।

(१२) परीक्षार्थीले परीक्षाको नियम उल्लङ्घन गरेमा निष्कासन समेत गर्न सकिनेछ।

(१३) परीक्षा संचालन गर्दा नियुक्त गरिने विषय विशेषज्ञ, परीक्षा समितिका पदाधिकारीलाई प्रतिदिन दुई हजार रुपैयाँका दरले पारिश्रमिक उपलब्ध गराइनेछ। परीक्षामा खटिने

कम्प्युटर अपरेटर/ कम्प्युटर संग सम्वन्धित काम गर्ने कर्मचारी र कार्यालय सहयोगीलाई दैनिक क्रमशः दुई हजार रुपैयाँ र पाँच सय रुपैयाँका दरले पारिश्रमिक उपलब्ध गराइनेछ ।

(१४) परीक्षा समितिका सदस्यहरु नै परीक्षा संचालन गर्दा केन्द्राध्यक्ष, सुपरीवेक्षक निरीक्षक रहनेछ। सो बापतको पारिश्रमिक गाउँपालिकाको कार्यालयले उपलब्ध गराउनेछ।

## परिच्छेद–६

## उत्तर पुस्तिका परीक्षण, नतिजा प्रकाशन र नियुक्ति

८. उत्तरपुस्तिका परीक्षणः-

(१) उत्तर पुस्तिका परीक्षणका लागि कोडिङ तथा डिकोडिङ शिक्षा हेर्ने अधिकृत, वि.नि. र स्रोत व्यक्ति मध्ये कुनै एक बाट गरी परीक्षकलाई बुझाउनु पर्नेछ।

(२) विषयविज्ञले उत्तर कुञ्जिका तयार गरी पेश गर्नु पर्नेछ।

(३) विषयगत र बस्तुगत प्रश्न फरक-फरक समयमा विशेषज्ञबाट परीक्षण गराउनु पर्नेछ।

(४) बस्तुगत तथा विषयगत परीक्षाको प्राप्ताङ्कको जोड गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम शिक्षक सेवा आयोगले तयार गरेको मापदण्ड बमोजिमको संख्यामा बर्णानुक्रमका आधारमा प्रकाशन गर्नु पर्नेछ।

(५) समितिले लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुको मौखिक तथा प्रयोगात्मक परीक्षा संचालन अनुसुची १ बमोजिम गर्नेछ ।

(६) कम्प्युटर विषयमा प्रयोगात्मक परीक्षा समेत संचालन गरिनेछ।

(७) उम्मेदवारले लिखित तथा मौखिक परीक्षामा प्राप्त गरेको कूल प्राप्ताङ्कको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने आवश्यक संख्यालाई सफल उम्मेदवार र त्यसपछिको सबैभन्दा बढी अङ्क प्राप्त गर्नै आवश्यक संख्यालाई वैकल्पिक उम्मेदवारको रुपमा छनौट समितिले सफारिस गर्नेछ।

(८) सफल उम्मेदवारले नतिजा प्रकाशन भएको ७ दिन भित्रमा सम्बन्धित निकायबाट नियुक्ति लिइसक्नु पर्नेछ। उक्त अवधिभित्र नियुक्ति नबुझेमा वा नबुझ्ने निवेदन दिएमा विद्यालय/ शिक्षा शाखाले बैकल्पिक सूचीमा रहेका निकटतम उम्मेदवारलाई नियुक्ति दिनु पर्नेछ।तर सिफारिस भएको व्यक्तिले १५ दिन भित्रमा कुनै जानकारी बिना वा सम्पर्क नगरेमा स्वतः वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ।

(९) नियुक्ति भएको जानकारी सम्बन्धित निकायहरुमा दिई ७ दिन भित्रमा व्यक्तिगत फायल खडा गरी १ प्रति गाउँपालिकामा र १ प्रति शिक्षा विकास तथा समन्वय इकाइ बारामा बुझाई नियमानुसार तलब भत्ता माग गर्नुपर्नेछ तर गाउँपालिकाबाट सिर्जना भएका दरबन्दीमा नियुक्त शिक्षकहरुको अभिलेख सम्बन्धित तहमा रहनेछ।

(१०) शिक्षक छनौट सम्बन्धमा माथि उल्लेखित बुँदाका अतिरिक्त आकस्मिक रुपमा कुनै विषयमा निर्णय लिनु परेमा ऐन नियमसँग नबाझिने गरी छनौट समितिले निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

(११) प्रसौनी गाउँपालिकाको स्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पुर्ती गरी पठन-पाठनलाई निरन्तरता तथा नियमितता दिई सिकाइ उपलब्धि बृद्धि गर्ने र लेखा तथा प्रशासनिक कार्य दुरुस्त गर्ने प्रयोजनका लागि

शिक्षक नियुक्ति तथा कर्मचारीका लागि प्रसौनी गाउँपालिकाले बिज्ञापन गरेका शिक्षक तथा कर्मचारी नियुक्तिको हकमा गाउँपालिकाले विद्यालयगत रुपमा योग्यताक्रमका आधारमा सफल उमेदवारलाई १ बर्षका लागि करारमा नियुक्ति गर्नेछ।

(१२) पदपूर्तिको लागि आव्हान गरिएको पदमा आवेदन दिन चाहने उम्मेदवारले सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता उत्तीर्ण भएको हुनुपर्नेछ। कम्प्युटर विज्ञान विषयको हकमा बाहेक अध्यापन अनुमति पत्र अनिवार्य गरिएको छ। कम्प्युटर विज्ञान शिक्षकमा आवेदन दिने उम्मेदवार सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त नगरेको भएतापनि मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिने कम्प्युटर फण्डामेण्टलस्, विण्डोज, अफिस प्याकेज, हार्डवेयर एण्ड नेटवर्किङ, डाटाबेस, प्रोग्रामिङ सम्बन्धी कम्प्युटर तालिम लिएकोलाई उम्मेदवारी दिन बाधा परेको मानिने छैन।

(१३) गाउँपालिकाबाट सिर्जना गरिएका शिक्षक तथा कर्मचारीहरु करारमा नियुक्त हुनेछन्। यसरी नियुक्त भएका शिक्षकहरुको पठन-पाठन तथा शैक्षिक गतिविधिको समग्र प्रगति तथा विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा गाउँ शिक्षा समितिले औचित्य कायम रहने मनासिव देखेमा स्रोतको सुनिश्चितता कायम गरी करार नवीकरण गर्न सक्नेछ। तर निजको करारनामा अवधि थप गर्ने वा नगर्ने विषयको अन्तिम निर्णय सम्बन्धित निकायको हुनेछ।

## परिच्छेद–७

## विविध

९. कार्यविधि व्याख्याः शिक्षक छनौट सम्बन्धी यस कार्यविधिमा कुनै दुविधा उत्पन्न भएमा प्रचलित शिक्षा ऐन, नियमावली र शिक्षक सेवा आयोग नियमावलीको आशय बमोजिम व्याख्या गरिनेछ।

(१) यस अघि शिक्षा विकास तथा समन्वय इकाईको अनुमतिमा संचालन भएका शिक्षक छनौटका परीक्षाहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

(२) प्रसौनी गाउँपालिकाबाट सिर्जना भएका शिक्षक तथा कर्मचारी दरबन्दीको हकमा निजहरुले पाउने पारिश्रमिक तलब प्रसौनी गाउँपालिकाले तोके बमोजिम हुनेछ र सोही अनुसार करार सम्झौता गर्नुपर्नेछ।

(३) स्वयमसेवक करार शिक्षकको लागि चाहिने न्युनतम योग्यता

)क (स्वयमसेवक करार शिक्षकको लागि चाहिने न्युनतम योग्यता निम्नानुसार रहेको छ ।

१ नेपाली नागरिकता भएको । (

२ १८ बर्ष पूरा भई (४० बर्ष ननाघेको तर यस गाउँपालिकाको सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतको शिक्षकलाई एक पटक आ.व २०८०।८१ को लागी मात्र उमेरको हद नलाग्ने ।

३( प्रा. वि. को हकमा शैक्षिक योग्यता प्रविणता प्रमाणपत्र वा सो सरह परिक्षा उतिर्ण गरेको र शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको, नि. मा. वि को हकमा सम्वन्धित विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह परिक्षा उतिर्ण गरेको र शिक्षा विषयमा १० महिने

तालिम पुरा गरेको, माध्यमिकको हकमा सम्वन्धित विषयमा स्नातक वा सो सरहको परिक्षा उतिर्ण भएको र १० महिने शिक्षा विषयमा तालिम पुरा गरेको, वालविकासको हकमा SLC वा सो सरह परिक्षा उत्तिर्ण भएको र कार्यालय सहयोगीको लागी कक्षा ८ उत्तिर्ण गरेको हुनुपर्ने ।

४कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने । (

**१० खारिजी तथा बचाउः-**

प्रसौनी गाउँपालिकाको करारमा शिक्षक तथा कर्मचारी नियूक्ती सम्बन्धी कार्यविधि २०७७ खारेज गरिएको छ । सो कार्यविधि र यस अघि प्रचलित कानुन बमोजिम भई गरेका कामकारवाहीहरु यस कार्यविधि बमोजिम मानिनेछ ।

**११ बाधा अडकाउ फुकाउने अधिकारः-**

यस कार्यविधि कार्यन्वयनको सिलसिलामा कुनै बधा अडकाउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।कार्यपालिकाले गरेको निर्णय अन्तिम निर्णय हुनेछ ।

अनुसुची — १

## परिच्छेद–५

## प्रश्न-पत्र निर्माण तथा परीक्षा संचालन सम्बन्धी व्यवस्था ।

| पत्र/ खण्ड | तह | बिषय | परीक्षा प्रणाली | प्रश्नसंख्या x अङ्क | समय | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रथम खण्ड | माध्यमिक | सामान्य ज्ञान र अभिरुचि परीक्षण | वस्तुगत : बहुवैकल्पिक प्रश्न | ५० प्रश्न x १ अङ्क | १ घण्टा | |
| दोस्रो खण्ड | | विषयगत | लामो उतर | २ प्रश्न x १० अङ्क | २ घण्टा | |
| | | | छोटो उतर | ६ प्रश्न x ५ अङ्क | | |
| प्रथम खण्ड | निम्न-माध्यमिक | सामान्य ज्ञान र अभिरुचि परीक्षण | वस्तुगत : बहुवैकल्पिक प्रश्न | ५० प्रश्न x १ अङ्क | १ घण्टा | |
| दोस्रो खण्ड | | विषयगत | लामो उतर | २ प्रश्न x १० अङ्क | २ घण्टा | |
| | | | छोटो उतर | ६ प्रश्न x ५ अङ्क | | |
| प्रथम खण्ड | प्राथमिक | सामान्य ज्ञान र अभिरुचि परीक्षण | वस्तुगत : बहुवैकल्पिक प्रश्न | ५० प्रश्न x १ अङ्क | १ घण्टा | |
| दोस्रो खण्ड | | विषयगत | लामो उतर | २ प्रश्न x १० अङ्क | २ घण्टा | |
| | | | छोटो उतर | ६ प्रश्न x ५ अङ्क | | |
| प्रथम | बालविकाश | सामान्य ज्ञान र अभिरुचि परीक्षण | वस्तुगत : बहुवैकल्पिक प्रश्न | ५० प्रश्न x १ अङ्क | १ घण्टा | |
| माथि उल्लेखित सम्पुर्ण तहको अन्तर्वाता २५ अङ्क र प्रयोगात्मक परीक्षा २५ अङ्कको हुनेछ । | | | | | | |
| सामान्य ज्ञान र अभिरुचि परीक्षण (वस्तुगत : बहुवैकल्पिक प्रश्न) र विषयगत प्रश्न शिक्षक सेवा आयोगको पाठयक्रम भित्रबाट हुनेछ । | | | | | | |

अनुसुची-२

स्वयंसेवक करार शिक्षक नियुक्तिका लागि दरखास्त फारमको ढाँचा

प्रसौनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी,बारा

मधेश प्रदेश

**करारको लागि दरखास्त फारम**

विज्ञापन नं.

पदः

वैयक्तिक विवरण (क)

<table>
<tr><td rowspan="3"></td><td rowspan="2">नाम थर</td><td>देवनागरीमा</td><td colspan="2"></td><td></td></tr>
<tr><td>(अग्रेजि ठुलो अक्षरमा)</td><td colspan="2"></td><td>लिङ्गः</td></tr>
<tr><td colspan="2">नागरीकता नं.</td><td colspan="2">जारी गर्ने जिल्लाः</td><td>मितिः</td></tr>
<tr><td>स्थायी ठेगाना</td><td colspan="2">क) जिल्लाः</td><td colspan="2">ख) न.पा./गा.वि.स</td><td>ग) वडा नं.</td></tr>
<tr><td></td><td colspan="2">घ) टोल</td><td colspan="2">ङ)मार्ग/ घर नं.</td><td>च) फो नं.</td></tr>
<tr><td colspan="4">पत्राचार गर्ने ठेगानाः</td><td colspan="2">ईमेल</td></tr>
<tr><td colspan="4">बुवाको नाम,थर</td><td colspan="2">जन्म मितिः</td></tr>
<tr><td colspan="3">बाजेको नाम,थर</td><td colspan="3">हालको उमेरः वर्ष महिना</td></tr>
</table>

/फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शौक्षिक योग्यता दरखास्त तालिम/ शैक्षिक योग्याता (ख) तालिम मात्र उल्लेख गर्ने

| आवश्यक न्यूनतम योग्यता | विश्वविधालय/बोर्ड/तालिम दिन संस्था | शौक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

अनुभव सम्बन्धी विवरण (ग)

<table>
<tr><td rowspan="2">कार्यलय</td><td rowspan="2">पद</td><td rowspan="2">सेवा/समुह/उपस मुह</td><td rowspan="2">श्रेणी/तह</td><td rowspan="2">स्थायी/अस्थायी/करार</td><td colspan="2">अवधि</td></tr>
<tr><td>देखि</td><td>सम्म</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

मैले यस दरखास्तमा लाएका सम्पुर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरि कुनै सजाय पाएको छैन ।

कुनै कुरा ढाँक वा लुकाएको ठहरिएमा प्रचलित कानुन बमोजिम सहनेछु बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी/प्रचलित कानुन तथा यस दरखास्त फारमका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु। साथै करारमा उल्लेखित शर्तहरु पुर्ण रुपमा पालना गर्नेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाँप</td><td colspan="2" rowspan="3">उम्मेदवारको दस्तखतः</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td colspan="2">मितिः</td></tr>
<tr><td>रसिद/ भौचर नं.</td><td></td><td colspan="2">रोल नं.</td></tr>
<tr><td colspan="4">दरखास्त अस्वीकृत भए सो को कारण</td></tr>
<tr><td colspan="2">दरखास्त रुजु गर्नेको नाम र<br>दस्तखतः<br>मितिः</td><td>दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको<br>दस्तखतः<br>मितिः</td><td></td></tr>
</table>

दृष्टव्यः- दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणीत गरी पेश गर्नु पर्नेछ ।

नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (१), समकक्षता र सम्बद्ध आवश्यकता पर्नेमा सो को प्रतिलिपि, न्यून्तम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि प्राविधिक तर्फ इन्जिनियरियङ्ग,स्वास्थ्य तथा पशु चिकित्सा लागायतका अन्य क्षेत्रका लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्रको प्रतिलिपि (लाईसेन्स), कार्य अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि आदि ।

अनुसुची-३

स्वयंसेवक करार शिक्षक नियुक्तिका लागि प्रवेशपत्रको ढाँचा फारमको ढाँचा

प्रसौनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी,बारा

मधेश प्रदेश

**प्रवेशपत्र**

| रोल नं. |
|---|

परिक्षार्थीले भर्नेः

क) नाम,थरः-

ख) पदः-

ग) तहः-

घ) उम्मेदवारको दस्तखतः-

**गाउँ कार्यपालिकाको कार्यालयले भर्ने**

यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिईएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुन सुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

......................
कर्मचारीको दस्तखत

......................
कार्यालयको छाप

अनुसुची-४

स्वयंसेवक करार शिक्षक नियुक्तिका लागि करार सम्झौता ढाँचा

प्रसौनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी,बारा

मधेश प्रदेश

विधालय,......................(यसपछि पहिलो पक्ष भनिएको जिल्ला......................) र (...................गाउँपालिका/ वडा नं. बस्ने श्री..............................का बीच (यस पछि दोश्रो पक्ष भनिएको )...................................................विधालय................................को कामकाज गर्न गारउन मिति २०८०/........../..............को निर्णय अनुसार देहायका कार्यशर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर/ एक प्रति आपसमा बुझि लियौ दियौं/ भएकाले यो करारको सम्झौता गरी एक ।

१. कामकाज सम्बन्धमाः दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कर्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. काम गर्नु पर्ने स्थान.......................................................................।

३. करारमा काम गरे बापत पाँउने परिश्रमिकः प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा पारिश्रमिक रु..................................... अक्षरेपीर रु...............................

४. आचराणको पालनाः दोश्री पक्षले विधालय को प्रचलित कानुनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदाः दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामा साहीले रकम दोश्रो पक्षलाई दिईनेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको तिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधिः यो करार २०७..... देखि भईलागु......२०७........ सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसालीनिरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टाअन्त्यःगरिएको रकम अन्त्यः दाश्रो पक्षले पहिलो पक्षलाई तर ७ (सात) दिन भन्दा वढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको

पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजका सट्टा अको व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन।

१२. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| विद्यालय तर्फबाट : | दोस्रो पक्ष :(गर्ने व्यक्ति करार) |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पदः | ठेगाना : |
| कार्यालयको छापः | |

अनुसुची-५

स्वयंसेवक करार शिक्षक नियुक्तिका लागि नियुक्ति ढाँचा

प्रसौनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी,बारा

मधेश प्रदेश

च.नं. मितिः

प.सं.

श्री..................................................

ठेगाना.......................................

विषयः करार नियुक्ति सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस प्रसौनी गाउँपालिकाको करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि २०८० बमोजिम गठित पदपूर्ति समितिको मिति................को निर्णयानुसार........................ पदमा सेवा करारमा सिफारिस गरिएकोमा तपाईलाई आजैका मिति देखि लागु हुने गरी श्री.....................विधालयमा रिक्त रहेको........पदमा करार नियुक्ति गरिएको छ ।

आफ्नो पद अनुसारको जिम्मेवारी कर्तव्यनिष्ठ भई ईमान्दारीपूर्वक बहन गर्नुहुनेछ भने अपेक्षा गरिन्छ । साथै आफ्नो काम कर्तव्य पालना गर्दा शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना गर्नुहुन जानकारी गराईन्छ ।

......................

प्रमुख प्रशासकीय अधिकृत

***बोधार्थः***

श्री आर्थिक प्रशासन शाखा, प्रसौनी गाउँपालिका

श्री विद्यालय प्रशासन, श्री.....................विधालयः (निजलाई हाजिर गराई सोको जानकारी प्रसौनी गाउँपालिकाको शिक्षा शाखामा पठाउनुहुन । साथै आगामी अवधीका लागि म्याद थप तथा करार नविकरणको जिम्मेवारी विधालय/गाउँपालिका स्वयमको हुनेछ ।

गाउँसभाबाट पारित मितिः २०८०।०३।३० आज्ञाले

प्रमाणिकरण मिति २०८०।०३।३० : सुमित कुमार सिंह

प्रमुख प्रशासकीय अधिकृत